दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)

फोन:- ०७१५४२५७१



वर्ष ३६ | अंक २३८ | बुटवल | २०८१ भदौ ०८, गते शनिबार | नेपाल संवत ११४४ | Saturday Aug.24, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


तनहुँ बस दुर्घटना अपडेट:

## मृत्यु हुनेको संख्या २७ पुग्यो



बुटवल । तनहुँको आँबुखैरेनी गाउँपालिका वडा नम्बर २ ऐनापहारा नजिकै भएको बस दुर्घटनामा मृत्यु हुनेको संख्या २७ पुगेको छ। पोखराबाट काठमाडौंका लागि छुटेको ४३ जना सवार यूपी ५३ एफटी ७६२३ नम्बरको बस बिहान ऐना पहरानजिकबाट मर्स्याङ्दीमा खसेको थियो । दुर्घटनामा गम्भीर घाइते १६ जनालाई उपचारका लागि नेपाली सेनाको हेलिकप्टरमार्फत् काठमाडौं पठाइएको छ भने बाँकी सबैको मृत्यु भएको तनहुँका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले जानकारी दिए। 'गम्भीर घाइते १६ जनालाई हेलिकप्टरमार्फत् दुई पटक गरेर काठमाडौं पठाइयो भने बाँकी सबैको मृत्यु भयो,' गौतमले भने-'सुरुमा १४ जनाको मृत्यु भएको र पछि १३ जना गरी २७ जनाको मृत्यु भएको हो ।' मृत्यु हुने सबैको शव आँबुखैरेनी गाउँपालिकामा राखिएको छ भने दुर्घटना र अवस्थाबारे भारतीय राजदूतावासमार्फत् पनि जानकारी गराइएको छ । तनहुँका सीडीओ गौतमका अनुसार बाँकी प्रक्रियाकाबारे टुंगो लागिसकेको छैन। भदौ ४ गते बेलहिया नाकाबाट ८ दिनको रुट परमिट लिएर २ वटा बस नेपाल भित्रिएको थियो । उनीहरु २ दिन पोखराको स्पोर्टस् होटलमा बसेर काठमाडौं हिँडेका थिए।

'दुई वटा बसमा ९० जनाभन्दा धेरै पर्यटक आएका रहेछन्। एउटा बस दुर्घटनामा परेको हो भने अर्को बसमा आफन्तहरु छन्, जसको सहयोगमा शव पहिचान गर्ने काम भइरहेको छ,' सीडीओ गौतमले भने-'भारतीय दूताबासबाटसमेत प्रतिनिधि आइसक्नुभएको छ।'

## भ्रष्टाचारजन्य कसूरमा हदम्याद नराख : आयोग

बुटवल । राष्ट्रिय मानवअधिकार आयोगले भ्रष्टाचारजन्य कसूरमा हदम्यादका आधारमा उन्मुक्ति हुने गरी ऐन संशोधन नगर्न अनुरोध गरेको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकमा भ्रष्टाचारजन्य कसूरमा हदम्यादका आधारमा उन्मुक्ति हुने गरी ऐन संशोधन प्रस्ताव अगाडि बढाइएकोबारे आयोगको गम्भीर ध्यानाकर्षण भएको भन्दै उन्मुक्ति हुनेगरी ऐन संशोधन नगर्न भनेको हो । साथै आयोगले हदम्यादका आधारमा उन्मुक्ति हुने गरी ऐन संशोधन प्रक्रिया अगाडि नबढाउन प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिलाई पत्राचार गरेको प्रवक्ता डा. टीकाराम पोखरेले जानकारी दिए।

भ्रष्टाचारजन्य कार्य जुनसुकै अवधिमा गरेको भए पनि त्यो गम्भीर अपराध भएको र त्यस्तो विषयमा हद म्यादकै कारणले भ्रष्टाचारजन्य कसुर गर्नेले उन्मुक्ति पाउने सम्भावना बढ्नुका साथै सुशासन र मानव अधिकारको उपभोगमा समेत बाधा उत्पन्न हुने आयोगले भनेको छ । आयोगले समितिलाई लेखेको पत्रमा भ्रष्टाचार गर्ने व्यक्तिलाई हदम्याद समेतका आधारमा उन्मुक्ति हुने गरी ऐन संशोधन प्रक्रिया अगाडि नबढाउन समितिलाई अनुरोध गरेको छ।

# लुम्बिनीमा मन्त्रीहरूलाई आचारसंहिता

**लुम्बिनी संवाददाता**

*दाङ*





लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले मन्त्रिपरिषद् सदस्यहरूले पालना गर्नुपर्ने आचारसंहिता लागू गरेका छन् । मन्त्रिपरिषद् बैठकबाट मन्त्रिपरिषद् सदस्यले पालना गर्नुपर्ने आचारसंहिता अनुसार प्रदेश राजधानी बाहिर भ्रमणमा जाँदा मुख्यमन्त्रीबाट भ्रमणको पूर्वस्वीकृति लिएर मात्र जानुपर्नेलगायतका छन् । जिल्ला भ्रमणमा जाँदा आन्तरिक मामिला तथा कानुन मन्त्रालयमार्फत् सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई भ्रमण कार्यक्रमबारे अग्रीम जानकारी गराउनुपर्ने, भ्रमण टोली सानो र भ्रमण खर्च मितव्ययी हुनुपर्ने, अनावश्यक र औचित्यहीन भ्रमण कार्यक्रममा संलग्न हुन नहुने, एक जिल्लामा एक पटकमा दुई दिनभन्दा बढी नबस्ने गरी व्यवस्था मिलाउनुपर्ने र उपलब्ध भएसम्म सरकारी अतिथिगृहको प्रयोग गर्नुपर्ने आचारसंहितामा उल्लेख छ।

अत्यावश्यक नपरी एक जिल्लामा महिनामा एक पटकभन्दा बढी भ्रमण गर्न नहुने, सरकारी कामको सिलसिलामा भ्रमणमा जाँदा भएको खर्चको विवरण सार्वजनिक गर्नुपर्ने, निजी प्रयोजनका लागि भ्रमणमा जाँदा मुख्यमन्त्रीलाई जानकारी गराइ जान सकिने र त्यस्तो भ्रमणमा भएको कुनै पनि खर्च सरकारी कोषबाट भुक्तानी लिन नपाइने उल्लेख छ । भ्रमणबाट फर्केपछि मुख्यमन्त्री समक्ष प्रतिवेदन पेश गरेपछि मात्र भ्रमण खर्च भुक्तानी लिनुपर्ने, सदाचारयुक्त व्यवहार गर्नुपर्ने उल्लेख छ। मन्त्रिपरिषद् सदस्यका हरेक क्रियाकलाप र व्यवहार उच्च आदर्शयुक्त, अनुकरणीय, सम्मानित र सदाचारपूर्ण हुनुपर्ने, मन्त्रिपरिषद् सदस्यले सदाचार विपरीतका कार्य गर्न नहुने उल्लेख छ।

पदीय हैसियतको दुरूपयोग गर्न नहुने विषयलाई प्राथमिकतामा राखिएको छ। मन्त्रिपरिषद् सदस्यले आफ्नो परिवार, नातेदार वा सामाजिक सम्बन्धका अन्य व्यक्तिलाई आफूले सम्पादन गर्ने काम वा निर्णयमा अनुचित प्रभाव पार्न दिन नहुने, साथै परिवार, सचिवालयका कर्मचारी वा अरू कसैको निजी स्वार्थ पूरा हुनेगरी आफ्नो पदीय हैसियतको दुरूपयोग गर्न वा गर्न दिन नहुने, पदीय गरिमालाई कायम राख्दै कुनै पनि प्रकारका अनियमितता र भ्रष्टाचारजन्य कार्यबाट पूर्णरूपमा मुक्त रहनुपर्ने उल्लेख छ । मन्त्रिपरिषद् सदस्यले शपथ लिएको ६० दिनभित्र सम्पत्ति विवरण पेश गर्नुपर्ने भएको छ। मन्त्रिपरिषद् सदस्यले आफ्नो र परिवारको नाममा रहेको चल अचल सम्पत्तिको विवरण शपथ लिएको ६० दिनभित्र तोकिएको ढाँचामा २ प्रति मुख्मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष पेश गर्नुपर्ने, पेश भएको उक्त सम्पत्ति विवरण सर्वसाधारणको जानकारीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट वेबसाइटमा राख्ने तथा सञ्चारका अन्य माध्यमबाट समेत सार्वजनिक गर्ने व्यवस्था मिलाउनुपर्ने, मन्त्रीले पदमुक्त हुँदासमेत सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने विषय समेटिएको छ। दान, उपहार, चन्दा आदि प्राप्त गर्न एवं सापटी लिन नहुने पनि आचारसंहितामा उल्लेख छ। मन्त्रिपरिषद् सदस्यले आफैं कुनै कर्मचारी, स्वकीय सचिव वा सचिवालयका अन्य कर्मचारी वा परिवारका सदस्यमार्फत् सरकारी काममा असर पर्नसक्ने गरी प्रदेश सरकारको स्वीकृति विना कुनै दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न, चन्दा माग्न वा मन्त्रालयको कामसँग सम्बन्धित व्यक्तिसँग सापटी लिन नहुने विषय समेटिएको छ।

मन्त्रिपरिषद् सदस्यले आफ्नो र परिवारको व्यक्तिगत आर्थिक लेनदेन एवं सार्वजनिक निकायलाई तिर्नु बुझाउनुपर्ने हरहिसाब यथासमयमै फछ्र्यौट गरी स्वाभिमान र उच्च नैतिक आचरण प्रदर्शन गर्नुपर्ने, खर्चिलो एवं भड्किलो र अस्वभाविक नभइ मितव्ययीपूर्ण सामाजिक व्यवहार र आचरण गर्नुपर्ने, मन्त्रिपरिषद् सदस्यले पदीय मर्यादा अनुकूल हुनेगरी मर्यादित पोशाकमा प्रस्तुत हुनुपर्ने उल्लेख छ। लुम्बिनी प्रदेश सरकारले आफ्ना हरेक मन्त्रालय, विभाग, निर्देशनालय तथा जिल्ला तहमा रहेका कार्यालयहरूमा नागरिकहरूको गुनासो सुनुवाइका लागि अनिवार्य रूपमा सुझाव पेटिका राख्ने, नागरिकहरूले व्यक्त गरेका सुझावहरूलाई आधार मानेर कार्यान्वयन गर्नेतर्फ ध्यान दिएको छ। अनिवार्य रूपमा सुझाव पेटिकाको व्यवस्था गर्ने, यसका अतिरिक्त विभिन्न माध्यमबाट प्राप्त सुझाव तथा गुनासाहरूलाई सम्वोधन गर्ने योजना बनाएको हो।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य मुख्यमन्त्री बनेको एक महिना पुगेको छ । साउन ७ गते आचार्य मुख्यमन्त्रीमा नियुक्त मुख्यमन्त्रीले सुशासन, पारदर्शीता र जवाफदेहिताका लागि प्रभावकारी योजना निर्माण गरेर कार्यान्वयन सुरु गरेको सरकारका प्रवक्ता मन्त्री दिनेश पन्थीले बताए।

लुम्बिनी प्रदेश सरकारले मातहतका मन्त्रालय र योजना कार्यान्वयन गर्ने निकायहरूलाई साउन महिनाभित्र कार्यविधि र कार्ययोजना निर्माण गर्न दिएको निर्देशनअनुसार सबै मन्त्रालय र निकायहरूले वार्षिक कार्यक्रम कार्यान्वयनका लागि कार्यविधि र कार्ययोजना निर्माण सम्पन्न गरेका, अघिल्ला सरकारको पालामा कार्यविधि र कार्ययोजना निर्माणको कामले प्राथमिकता नपाउँदा योजना कार्यान्वयनमा ढिलाइ हुने गरेकोमा अब भदौ महिनाभित्र योजनाहरूको बोलपत्र सार्वजनिक गर्ने र असोज महिनाबाट वार्षिक स्वीकृत योजना कार्यान्वयन गर्नेगरी कामलाई तिब्रता दिइएको प्रवक्ता पन्थीले बताए।

प्रदेश सरकारले योजना कार्यान्वयनमा पारदर्शीता, जवाफदेहिता कायम गर्न, गुणस्तरीय योजना कार्यान्वयनमा जोड दिन पाँच लाखभन्दा माथिका योजनाहरूलाई प्रतिस्पर्धाबाट कार्यान्वयन गर्ने योजना निर्माण गरेर लागू गरेको छ । योजना छनोट र कार्यान्वयन चरणलाई पारदर्शी बनाउन पाँच लाखभन्दा माथिका सबै प्रकारका योजनाको टेन्डर खोलिने भएको हो ।मुख्यमन्त्रीले भ्रष्टाचार नियन्त्रणका लागि पाँच वर्षे रणनीति स्वीकृत गरेका छन्। पदबहाली गरेको दिन पहिलो निर्णय पत्रमा हस्ताक्षर गर्दै सुशासन, पारदर्शीता र जवाफदेहितालाई प्रमुख विषय बनाउँदै रणनीति कार्यान्वयन चरणमा रहेको छ।

बिहीबार मात्रै लुम्बिनी प्रदेश सरकारले पूर्व विशिष्ट व्यक्तिहरूलाई दिँदै आएको सेवा सुविधा कतौटी गरेर सुशासन कायम गर्ने योजनालाई कार्यान्वयनमा लगेको छ । पूर्व विशिष्टि व्यक्तिलाई एउटा गाडी, महिनाको १५० लिटर इन्धन, सवारी चालक तलब र मासिक अतिरिक्त ८ हजार रुपैयाँ दिने गरेको थियो।

मुख्यमन्त्री चेतनारायण आचार्यले पदबहाली गरेको दिनदेखि नै नागरिकहरूसँगको भेटलाई सहज बनाएको बताएका छन् । खादामाला निषेध गरेर नागरिक तहसँगको भेटलाई सहज बनाउँदै नयाँ पद्धतीको विकास गरेका छन्।

# ओमसतियाको बेरूजु ६ करोड माथि

१० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्नेमा नगरेको, पदाधिकारीले नपाउने सुविधा लिएको असुल गर्नुपर्ने, धार्मिक तथा साँस्कृतिक सहायताको नाममा ३४ लाख २९ हजार अनियमित रूपमा खर्च गरेको महालेखाले औंल्याएको छ।



**मोहम्मद हबिब**

*भैरहवा*

रूपन्देहीको ओमसतियाको बेरूजु ६ करोड ३ लाख ६१ हजार पुगेको छ । आर्थिक वर्ष २०७९/०८० को लेखा परीक्षणबाट ३ करोड २३ लाख ३१ हजार ७६३ बेरूजु देखिएको छ। कार्यालयमा सैद्धान्तिकतर्फ ४७ वटा र लगतीतर्फ २१ वटा शीर्षकमा असुल गर्नुपर्ने १८ लाख ५० हजार ८२६, प्रमाण कागजात पेस गर्नुपर्ने ४१ लाख १४ हजार ६५७, नियमित गर्नुपर्ने १ करोड ६९ लाख ९२ हजार ७६५, रहेको महालेखा परीक्षक कार्यालयको ६१औँ प्रतिवेदनमा देखिएको छ । ९३ लाख ७३ हजार ५१५ को प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भइ उक्त असुल गर्नुपर्ने रकम देखिएको हो।

ओमसतिया गाउँपीलकाको गतवर्षसम्म ५ करोड ७४ लाख ३ हजार बेरूजु बाँकी रहेकोमा यो वर्षको बेरूजुसहित हालसम्म अद्यावधिक बेरूजु ६ करोड ३ लाख ६१ हजार रहेको छ। कार्यालयले ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पतिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग बजेट व्यवस्थापन र राजश्व संकलन सार्वजनिक खरिद व्यवस्थापन कार्यक्रम स्वीकृति एवं कार्यान्वयन उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतको विषयमा सुधार गर्नुपर्ने छ।

प्रतिवेदनअनुसार वर्षभरि सम्परीक्षण भएका ९३ लाख ७५ हजार ५१५ मध्ये पेश्की फछ्र्यौट गर्नुपर्नेमा ३३ लाख ७५ हजार, पदाधिकारीले नपाउने सुविधा लिएको असुल गर्नुपर्ने २ लाख ८८ हजार, विद्यालय व्यवस्थापन अनुदान प्रमाण पेश गर्नुपर्ने १० लाख २५ हजार, कार्यसम्पन्न प्रतिवेदन प्रमाण पेश गर्नुपर्ने ४६ लाख ८५ हजार रहेको छ।

महालेखा परीक्षक कार्यालयको ६१औँ प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७९/०८० को ५ करोड ६५ लाख ६६ हजार ११७ रुपैयाँको लेखा परीक्षण गरेको थियो।

महालेखाले ओमसतियलाई सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था गरे पनि पालिकाले विभिन्न शीर्षकअन्तर्गत २० करोड ३१ लाख १ हजार ८२ रुपैयाँको पुँजीगत खर्च तथा खरिद निर्माण गरेको छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा नगरेकोले कमजोर रहेको र सो माथि विश्वस्त हुन सक्ने अवस्था नरहेको, जिन्सी सामानको एकीकृत विवरण तथा खाता अद्यावधिक नगरी वडा तथा विभिन्न संघ संस्थालाई वितरण गरेको, ठेकाहरूको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिजेन्सी खाता नराखेको, कार्यसम्पन्न भएको आयोजना तथा कार्यक्रम उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको, यस्तै पालिकाले एक पटक मात्रै सार्वजनिक परीक्षण गराइ २ लाख ९८ हजार ९९८ रुपैयाँ खर्च गरेको छ।

ओमसतियाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफ ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था विपरीत एक वर्षमा खाना तथा विविधतर्फ २९ लाख ३४ हजार ५९० रुपैयाँ खर्च गरेको छ।


» बाँकी ३ पेजमा





दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८१ भदौ ०८, गते शनिबार

तपाईंका लागि...

**बिट्विन द लाइन्स्...**

तिरस्कार बाँच्नुजत्तिको कहर अर्को हुँदैन
उपेक्षा सरहको विषालु पहर अर्को हुँदैन
चाहिँदैन जहरको पुडिया मान्छे मार्नलाई
अपमान जत्तिको कडा जहर अर्को हुँदैन

– रुद्र ज्ञवाली

निबन्ध

# गँड्यौलाजस्तो प्रश्न



लक्ष्मण श्रेष्ठ

'केमेस्ट्री पढ्ने मान्छेले पनि कथा पढ्ने ?' भारतीय लेखक उदय प्रकाशको कथा संग्रहको पैसा तिर्दै गर्दा पुस्तक पसलेले गरेको प्रश्नले मलाई तीन मात्र होइन चार छक्क, पाँच छक्क र हजार छक्क पाऱ्यो । छक्क पर्दै गर्दा मेरो मनमा रिस उठ्यो । 'मैले जे पढे नी तिम्लाई के मतलब ?' भनेर ओंठे जवाफ दिन त मन थियो तर सम्बन्धमा पानी धमिल्याउन मन लागेन । 'यस्तै छ दाजु' भन्दै झर्कोलाग्दो मुस्कानले टार्ने प्रयत्न गरें । तर, मनभित्र पसलेको प्रश्न गँड्यौलाजस्तै सल्बलाइरह्यो ।

'साँच्चै म किन पढ्छु ?' आफैँसँग सोधी हेर्न मनलाग्यो । यसरी त मैले कहिल्यै सोंचेको थिइन । आफैँले आफैँलाई जवाफ दिनु सजिलो र गाह्रो दुवैथरीको काम हो । सजिलो यस अर्थमा आफैँसँग झुट बोलेको मनले भन्दा अरु कसैले चाल पाउँदैन । गाह्रो यस अर्थमा आफ्नै मनलाई ढाँट्नु सकस हुन्छ । सायद आफैँसँग झुट बोलि हिंडेकोले होला यो प्रश्न मेरो मनमा कहिल्यै आएको थिएन । आज आयो । अब पनि के ढाँट्नु ।

कलेजनेरको चिया पसलमा एक कप चिया अर्डर गर्दै म चिन्तनधिस्थ भएँ- 'साँच्ची म किन पढ्छु ?' यो प्रश्नभित्र म मात्रै अटाएको छैन । कहिलेकाहीं मसँग फोन, म्यासेज, सामाजिक सञ्जाल वा व्यक्तिगत भेटघाट आदि माध्यमबाट अध्ययनबारे सोध्ने मित्रजनहरुलाई पनि जोड्ने हो भने यो 'म' हामी बन्नपुग्छ । अझ कति ठाउँमा त मैले अध्ययनबारे लामो भाषण दिएको छु । गतिलो अध्ययनमा उदासिन भएको भनेर साथीहरुलाई थुरेर अलि जान्ने पल्टिएको पनि छु । चिया पसलहरुमा हलमा लागेको फिल्मको, बजारमा चर्चामा आएकी गायिकाको वा चलिरहेको म्याचको चर्चा नगरी किताबको गफ चुटेर विद्वान बन्ने प्रयत्न पनि गरेको छु । तर, आज त्यो पसलेको प्रश्नले हल्लाएको छ मलाई । उसले खासमा घुमाएर मलाई त्यहीं प्रश्न सोधेको हो, जुन प्रश्न अहिले मेरो दिमागमा बयेली खेलिरहेछ । उसले सायद सोध्न चाहन्थ्यो- 'खुब पढैया बनिटोपल्छस्, किन पढ्छस हँ ?'

यसो सोंचिल्याउँदा पसलेको शंका पनि केही हदसम्म विचारणीय नै हो । किनभने पढ्नुका बेफाइदा पनि छन् । पढने हुँदा कम्तिमा किताब किन्दा पैसा सकिन्छ । त्यो पैसाले एक किलो स्याउ, एक किलो अंगुर, आधा किलो अनार र दुई दर्जन केरा आउनसक्छ । तर, एउटा किताब किन्दा त्यो सबै पैसा स्वाहा हुन्छ । अनि हतारहतार कोठामा आउ । केही घण्टासम्म टाउको निहुँराएर पढ । आँखालाई भार दिँदा चस्माको पावर बढ्दै जान्छ । घाँटी निहुराइरहँदा हड्डी खिइनेसम्म समस्या हुन्छ । खासमा पढ्नुका केही होइन धेरै बेफाइदा पनि छन् । सम्झना आउँछ, बुटवलमा साथी क्रिस्पेण्डोले कुनै एक जन्मदिनको दिन भनेको थियो- '२५ वर्षको हुनुभएछ बल्ल । हेर्दा त अलि बढी नै उमेरको देखिन्छ । जुस किन्ने बेलामा किताब किने पछि त्यस्तै त हो ।' अर्थात् पढ्नुको आफ्नै बेफाइदा पनि छन् ।

त्यसो त म यति गफ लगाएजत्ति पढाकु पनि त कहाँ हुँ र ? मैले अहिलेसम्म विश्वको इतिहासबारेका किताबहरु राम्रोसँग पढी भ्याएको छैन । चिया पसलमा बसेर एकाध घण्टा गफ चुटे पनि कसैले फ्रान्सेली पुँजीवादी क्रान्तिबारे यसो केही लेख न त भनिहाल्यो भने बिना अक्सिजन सगरमाथा चढेर आइज भनेजस्तो लाग्छ । नेपालकै इतिहास पनि गतिलरी कहाँ पढेको छु र ? महेशचन्द्र रेग्मीका किताबहरु पसलमा गएर सुम्सुम्याउने भन्दा बढी गरेको छैन । डिल्लीरमण रेग्मीको तीन थान मोटो किताब हेरेर मात्रै बसेको छु । अझ कति धेरै किताबहरु त किनेर ऱ्याकमा राख्दा बुढो हुन आँटिसके । कार्ल मार्क्सको 'पुँजी', एंगेल्सको 'एन्टी ड्युह्रिङ', लेनिनको 'मटेरियलिज्म एण्ड इम्पिरियो क्रिटिसिज्म', आइन्स्टाइनको 'आइडायज एण्ड ओपिनियन', स्टेफन हकिंगको 'ग्राण्ड डिजाइन'जस्ता किताबहरु अलिकति अलिकति जुठो हाल्दै छोड्ने काम मात्रै भएको छ । ल्यापटपमा डाउनलोड गरिराखेका किताबहरु त झन् रुञ्चे मुख लाएर बसेका छन् । तर पनि साथीभाइको जमघटमा, आफन्तजनको बुझाइमा, छिमेकीको नजरमा र त्यो पसलेको विचारमा म पढ्ने मान्छे हुं । सबैले सायद पहिलेदेखि नै जान्न चाहन्थे तर आज घुमाउरो तरिकाले सोध्यो त्यो पसलेले- 'ओइ केटा, तँ किन पढ्छस् हँ ?'

अब मैले गतिलरी विचार गर्नुछ र खोज्नुछ यो प्रश्नको जवाफ । आखिर म पढ्छु किन ?

ल चिया पनि आयो । अब त झन् मज्जा आउँछ चिन्तनधिस्थ हुँदा । चिया, चिन्ता, चिन्तन अनि चिता ? हत् चितालाई कैफियतमा राखौं । अहिलेलाई बरु किताबको कुरा गरौं ।

आँखाले देखेको कुरा मस्तिष्कले ठम्याउने हुँदा, कानले सुनेको कुरा शब्दमा फेरिने हुँदा, आफ्नै खुट्टाले हिंडेर स्कुल जाने हुँदा, हातले धाराबाट पानीको ग्यालेन घरसम्म ल्याइपुऱ्याउने हुँदासम्म मेरो झोलामा किताब आइसकेको थियो । त्यो किताबमा पहिलो भूमिका आमाको थियो । स्कुलकी मास्टर्नी मेरी आमाले मट्टितेलले बल्ने पानसको उजेलोमा हामी दाजुभाइलाई घण्टौंसम्म पढ्न लगाउँथिन् । पुस्तक पसले मामाले मायाले ल्याइदिने किताबहरुले त्यो उजेलोमा कथाको संसार डोऱ्याउँथे । त्यहीं नेरबाट मेरो किताबसँग प्रारम्भिक चिनजान भएको हुनुपर्छ । दुई कक्षाको किताबमा भटमास र मकैको झगडा पढ्दै आँगनमा काका र फुपुहरुसँग रमाई-रमाई हाँसेको मेरै कथा हो कि मैले देखेको अरु कुनै बालकको ? अहिले आफैँमा अलमल छु । तर किताब त त्यतिबेलादेखि नै साथी बनेको हो । यो साथी बन्ने क्रम पनि सुरुमा त सकसपूर्ण थियो ।

हो, किताबलाई मन पराउनु सकस थियो । गाह्रो थियो । किनभने उमेरको बैशाखी टेक्दै कक्षाको उकालो चढ्दैगर्दा स्कुलका किताबहरुमा कथा कम र अप्ठ्यारा झण्झटहरु बढ्दै गएका थिए । अंग्रेजीका अप्ठ्यारा माने, गणितका निरस सुत्र, विज्ञानका नसुनेका परिभाषा कण्ठ गर्नुपर्ने पीडादायी यात्रामा किताबहरु यातनाका औजारजस्ता लाग्थे । तर, झ्याउरे लयमा मुना र मदनको, भोट र विदेशगमनको, जातीय विभेद र मानवताको कथा पढ्दा हामीले स्कुले किताबका निरस कर्कश बिर्सेको ठिक साँचो हो । कसले ल्याएको थियो त्यो निलो रंगको गाता भएको पातलो किताब स्कुलमा ? आरतीले ? तेजनारायणले ? नुमाले ? बुनुले ? होइन, पुष्पाले होला । पुष्पाको दाइ प्रदिपले बुटवलबाट ल्याएको रे । कक्षाामा लक्ष्मीप्रसाद देवकोटाबारे पढेपछि पुष्पाले ल्याएको मुनामदन भाका हालीहाली पढेको सम्झँदा सम्झना पनि रमाइलो हुन्छ । माटोले लिपेको कक्षाकोठामा, किला फुस्केर भुँइमा लम्पसार परेको फ्ल्याकमा धुलैफुम्रै बसेर मुनामदन पढ्दा कसैले पनि सोधेको थिएन- 'ओइ केटा किन किताब पढ्छस् हँ ?'

त्यतिबेला कसैले सोधेको भए सायद भन्दो हुँ- 'किताब पढ्छु किनभने रामप्रसाद सरले पढाउने अंग्रेजी म बुझ्दिन । राधिका म्याडमले पढाउने गणितमा अंक बढी छन्, शब्द कम । मेरै आमाले पढाउने वातावरणका ढुंगा, पात र पानी कहिल्यै गफ गर्दैनन् । त्यसैले यो मुनामदनको किताब पढ्छु ।'

सायद यस्तै नै भन्नेथिएँ हुँला । किनभने पसलेको प्रश्नमा इंगित किताबमा केमेस्ट्रीको होइन कथाको किताब अटाउँछ ।

किताबको कुरा गर्दा यहिंनेर किताबको फरक पनि आउँछ । मेरो जिन्दगीको अहिलेसम्मको भोगेको दुनियाँमा दुईथरी किताब आए । एकथरी किताब पुछारमा परीक्षा, परीक्षाफल बोकेर आए । ती किताब पढ्नुको उद्देश्य स्पष्ट थियो । म ती किताब पढ्थें किनभने ती पढ्नैपर्थ्यो । ती किताब नपढे स्कुलमा फेल भइन्थ्यो । फेल भए कक्षा चढ्न पाइँदैनथ्यो । कक्षा नचढी कसरी ठूलो मान्छे हुनु ? ठूलो मान्छे अर्थात् डाक्टर, इञ्जिनियर, पाइलट । ठूलो मान्छे बन्नु अर्थात् टन्न पैसा कमाउनु । गाउँ छोडेर शहर पस्नु । आफ्नै गाडी किन्नु । जिन्दगीको दुनियाँमा यत्रोविधी सपना देखाउने यी किताबमा असल मान्छेहरुले जिन्दगीभर मेहनत गरेर पत्ता लगाएका संसारका रहस्यको चुरो कुरो थियो । तर पछाडि उभिएको परीक्षाको नम्बरले कहिल्यै त्यसको मजा लिन दिएन । न्युटनको सिद्धान्तको चुरोमा ब्रह्माण्डको गतिको कारण लुकेको थियो होला । तर, हामीले त्यसको मजा लिनुभन्दा पहिल्यै त्यो सिद्धान्तबाट कति नम्बरको प्रश्न आउँछ भनेर सोध्न सिक्यौं । आर्किमिडिजको सिद्धान्त वा ऐकिक नियमका व्यवहारिक प्रयोगभन्दा पहिला परीक्षामा कस्तो प्रश्न सोधिन्छन् भन्ने हुटहुटीले हामीलाई कहिल्यै गहिराइमा पुग्न दिएन । अंग्रेजीमा पढेको रविन्द्रनाथ टैगोरको कवितामा 'साँघुरा पर्खालहरु भत्काउने' मर्मबोध कम र नम्बरबोध बढी हुँदा विषयको गहिराइमा कहिल्यै पुग्नै पाइएन वा जानिएन । त्यसैले कोर्सबुकका लाहाछाप लागेका किताबहरु सधैंभरी कर्कस, दोहोरो संवादविहिन र निरस बनेर आइपुगे जिन्दगीको दुनियाँमा ।

अर्काथरी किताब भने रमाइला थिए । ती पढ्नु पर्दैनथ्यो किनभने ती आफैं बोल्थे । तिनको शब्दमा ओंठ थियो । पानामा पानामा अद्भुत संसार थियो । गाउँको पिसिओमा कुनै संस्थाले एउटा स्टिलको दराजमा राखिदिएको ति किताबहरु सायद हाम्रै चुम्बन पर्खिबसेथे । एउटा चाउचाउ आउने पैसाले हामी त्यो दराजे पुस्तकालयको सदस्य बनेका थियौं । अनि पहिलोपटक दुनियाँका अद्भुत किताबहरुसँग मितेरी गाँसेका थियौं । तिनमा केही दन्त्यकथा थिए । केही बालकथा । केही जानकारीमूलक कथा । एसियाली लोककथाहरुको संग्रहमा हामीले विभिन्न देशको स्वाद चाख्यौं । दन्त्यकथाको किताबहरुमा हामीले मानिसको कल्पनाको उच्चतम नमूना पायौं । जोनाथन स्वीफ्ट भन्ने मान्छेले लेखेको 'गुलिभरको लिलिपुट यात्रा' भन्ने किताबमा गरिएको नयाँ ठाउँ र विचित्रका मान्छेहरुको वर्णन पढ्दाको आनन्द व्यक्त गर्न कतिवटा शब्दकोशका शब्दले पुग्ला र ? अनि डा. कविताराम श्रेष्ठको 'कमिलाको कथा'सँगै कमिलाको जीवनचर्या बुझेको क्षणको आनन्द ? यिनै किताबहरुले त हो शब्दसँग मुहनी लगाएको । माया बसाएको । शब्दसँग मनको बिहे गराइदिएको । यी किताबहरुमा कोर्सका किताबहरुमा जस्तै केवल निरस सुत्र, परिक्षाको भय र पास गर्नुपर्ने नम्बर भएको भए मैले किन पो पढ्थे हुँला र किताब ?

'ए! तिमी त आनन्द लिन पो पढ्दा रैछौ त ?' मेरा जिज्ञासु पसले दाइ तपाई यस्तै भन्नुहुन्छ होला है ? ठिकै छ, जवाफमा म मुस्काइदिन्छु । र, भन्छु- 'अँ, मैले किताबको आनन्दमयी अनुभूतिको पहिलो सिंढीबाटै पढाइ सुरु गरेको हुँ ।'

अँ, आनन्दमयी अनुभूतिको पहिलो सिंढीबाटै पढाइ सुरु गरेको हुँ मैले । बिस्तारै किताबहरुले किताबको संसार चिनाउँदै गए । कक्षा नौमा पुग्दा देशमा र पढाइमा एकैपटक संकटकाल लागेको थियो । 'एसएलसीको पहिलो वर्ष हो नी यो । अब, बाहिरका किताब पढ्ने होइन ।' आमाले ठाडो आदेश दिनुभएको थियो । तर, किताबहरुले हामीलाई चनाखो हुन, कुरा सुन्न, आफ्ना कुरा भन्न र चासो लिन सिकाएका थिए । त्यहींबेला नै भएको दरबार हत्याकाण्डले गाउँको कुनाकाप्चासम्म छलफल र चासोको चौपारीसम्म पुऱ्यायो । गाउँका 'ठुलाबडाहरु' बसेर कसले होला, किन होला भनेर तर्कवितर्क गरिरहेको ठाउँमा पुगेर यस्तो होला भन्ने अनुमान गर्न हामी फुच्चेहरुलाई हिम्मत दिने केही थियो भने अक्षरहरु थिए । पत्रिकाका पानाहरुमा छापिएका अक्षरहरुले शहरका जान्नेबुझ्नेले सोंचेको, अनुमान गरेको, ठहर गरेको विषयलाई हामीजस्ता गाउँका फुच्चेहरुसम्म पुऱ्याएका थिए । र, ती अक्षर छाम्न हामीलाई कथाका किताबहरुले सिकाएका थिए ।

होइनभने त मेरो कक्षाका अरु फुच्चेहरुले पनि बड्डाहरुसँग गफ गर्नुपर्ने नी । तर, तिनले गफमा भाग लिएनन् किनभने तिनीहरुले पत्रिकाका अक्षर छामेनन् । किनभने तिनीहरुले पुस्तकका अक्षर छाम्ने मौका पाएका थिएनन् । अहिले बुझ्दैछु समाजमा नदेखिने सिमेन्ट, बालुवा र ढुंगाको पर्खाल लगाएर तिनीहरुलाई किताबबाट अलग्याइएको थियो । यति बुझ्न मलाई किताबले नै सिकाएको हो ।

अँ, कथाका किताबले सामाजिक परिघटनाहरुसँग घोलेर हामीलाई गम्भीर भनिने किताबहरुसम्म पुऱ्याए । एसएलसी परिक्षा दिएर बटौली शहर ओर्लिंदा देवीलाल पौडेलको रगत शहीद बनेर उम्लिरहेको थियो । कहिल्यै नदेखेको देवीलालसँग उनीबारे लेखिएका अक्षरहरुले सामिप्य गराएका थिए । र, लाग्थ्यो नसाहरुमा देवीलालकै रगत बगिरहेको छ । त्यति नै बेला बिस्तारै गति लिंदै गरेको प्रतिगमन विरोधी आन्दोलनमा लाग्ने प्रेरणा दिने किताब र पत्रपत्रिकाहरु नभए अरु के थियो त ? राजालाई नांगै देख्न हान्स क्रिश्चियनको कथाले सिकाएको थियो । प्रजातन्त्रमा जीवनको सौन्दर्य खोज्न अब्राहम लिंकनको जीवनीले सिकाएको थियो । सुस्ताको भूमि लुटिंदा दुख्ने मन विभिन्न देशको औपनिवेशिक पिडाको इतिहासले बनाएको थियो । दन्त्यकथाबाट शुरु भएको किताबको आनन्द जटिल वा गहन भनिने किताबहरुमा उकालो लागेको थियो ।

इतिहासका किताबहरुमा भेटिने हामी बाँचेको समयको जन्मको कथाले घटनाक्रमको अध्ययनबाट समाजको प्रवृत्ति हेर्न सिकाए । अप्ठ्यारा शब्दहरुमा जेलिएका दर्शनशास्त्रका किताबहरुले संसारको सत्य हेर्ने आँखा बनाइदिए । भूगोलका किताबहरुले संसारको नदेखेको भूमि, पानी र बाटोहरुसँग भेट गराइदिए । राजनीतिका किताबहरुले शक्ति र स्वार्थको खेल सम्झाइदिए । समाजशास्त्रका किताबहरुले सामाजिक संरचनाको जटिलता बुझ्न उत्प्रेरित गरे । अर्थशास्त्रका किताबहरुले सम्पत्ति र सम्बन्धहरुको निरन्तर चलिरहने खेल बुझ्न सिकाए । समग्रमा पढाइले सिक्न सिकायो । पढाइले बोध गर्न सिकायो । पढाइले आफ्नो भूमिका पहिल्याउन सिकायो । पढाइले जिन्दगी चिन्न सिकायो ।

हो, पढाइले सिक्न सिकायो । सिक्ने भनेको केवल नयाँ जान्नु मात्र होइन रहेछ । मनमा डेरा जमाइबसेको हजारौं वर्षदेखिको सामाजिक चिन्तन उखेलेर फ्याँक्नु पनि रहेछ । कुनै पनि नयाँ कुरा सिक्नुसँगै पुरानो कुरा फाल्नु पनि सिक्नु नै रहेछ । जस्तै, सामाजिक संरचनाबारे अहिले भइरहेको बहसमा हाम्रा कतिपय मान्यताहरु पुरानै संरचनागत चिन्तनसँग मिल्दा रहेछन् । महिलाले आवाज उठाउँदा 'पोथी बास्यो' भनी सोंच्ने चिन्तन प्रणाली नफाली कहाँ लैंगिक समानताको मर्म सिकिंदोरैछ र ? हो, हुर्किंदै गर्दादेखि मेरो मनमा सामाजिक संचरनाले बसालिदिएको थुप्रै चिन्तनप्रणाली अझैं उखेलीफाल्न बाँकी नै छ । तर, पढाइले मलाई ती पुराना थोत्रामोत्रा चिन्तनप्रणाली दिमागबाट उखेली फाल्नुपर्छ भनी सिकाएको छ ।

पढाइले बोध गर्न पनि सिकाएको छ । पढ्दै जाँदा मैले आफूलाई म समाजको कुन तहमा छु । सामाजिक संचरनाले मलाई नियतीसरह कस्तो स्थितिमा राखेको छ भन्ने बुझ्न सक्ने भएको छु । म बिस्तारै बुझ्दै छु किन म र मजस्तै सामाजिक स्तरमा बाँच्नेहरुको साधारण ईच्छा पनि अपुरो हुन्छ । किन हाम्रा लागि जीवन सधैंभरी अनिश्चय र जोखिमले भरिएको हुन्छ ।

यतिमात्र होइन पढाइले मलाई सिकाएको छ, सामाजिक संरचनाहरु हाम्रो सगरमाथा जस्तो एकैठाउँमा हुँदैनन् । ती फेरिन्छन् । फेर्न सकिन्छ । पढाइले नै मलाई त्यो सामाजिक संचरना बदलेर परिवर्तनको प्रक्रियामा उभिन सिकाएको हो । त्यसैले त भन्छु, पढाइले मलाई जीवनबोध गर्न सिकाएको छ । म किन बाँच्ने ? कसरी बाँच्ने ? कसका लागि बाँच्ने ? कसका लागि मर्ने ? बुझ्न सिकाएको छ । अक्षरहरुले सुटुक्क कानमा कानेखुसी गर्दै पटक-पटक भनेका छन्- 'बाबै जीवन भनेको त लडाईं पो हो । तिमी लडेनौ भने अहिले जहाँ छौ त्यहीं हुन्छौं । तिमी आँट गऱ्यौ भने इतिहासले नयाँ नयाँ मोड लिन्छ ।' र त्यहीं लडाईं सिक्न नै म पढ्ने गर्छु ।

ओ पसले दाई ! तिम्रो जवाफ आयो ? आएन भने फेरि भन्छुः 'म पढ्छु किनभने मेरोलागि पढाइ नै लडाई हो । जिन्दगीको लडाई । यो लडाईको हरेक कला सिक्न म तिम्रो किताब पसलको किताब उठाउन आइरहन्छु । कुनै समस्या ?'

# शहदत हसन मन्टो...

» गताङ्कबाट...

एकदिन घरमा बसेर दफ्तरको काम गरिरहेको बेलामा त्यसकी पत्नीले बिहानको डाक (चिठीपत्र) सामु राखेर खोल्न थाली । सारा डाक त्यहीं खोल्ने गर्थी । एउटा खाम खोलेर त्यसले भनी– "यो पत्र गुजरातीमा छ वा हिन्दीमा ।"

नजीरले पत्र लिएर हेऱ्यो । त्यसलाई पनि थाहा हुन सकेन कि भाषा हिन्दी हो वा गुजराती । त्यसले पत्र 'ट्रे' मा राखिदियो र आफू अन्य कार्यमा व्यस्त भयो ।

अलि बेरपछि त्यसकी पत्नीले आफ्नी बहिनी नईमालाई बोलाई । त्यो आएपछि उसले पत्र उठाएर नईमालाई दिँदै भनी– "लौ पढ त, के लेखिएको छ......तिमी त हिन्दी र गुजराती पढ्न सक्छौ ।" नईमाले चिठी हेर्दै भनी– "हिन्दीमा छ" । त्यति भनेर उसले पत्र पढ्न शुरु गरी– "जयपुर । प्रिय नजीर साहेब......"

त्यति पढेर ऊ रोकिई । नजीर झस्कियो ।

नईमाले एक पंक्ति पढी– "आदाब (नमस्ते) ! तपाईं त मलाई बिर्सिसक्नुभयो होला । तर, जबदेखि म यहाँ आएकी छु, तपाईंलाई याद गरिरहन्छु....।" नईमाको अनुहार रातो भयो । उसले चिठी फर्काएर अर्कोतिर हेर्दै भनी– "कुनै शारदा हो ।"

नजीरले जुरुक्क उठेर नईमाको हातबाट चिठी लयो र आफ्नी पत्नीसँग भन्यो– "खुदा जाने को हो.....म एउटा कामले बाहिर जाँदै छु...।" त्यसले पत्नीलाई केही भन्ने अवसर नै दिएन र घरबाट बाहिरियो । एउटा मित्रकहाँ पुगेर उसले शारदाको पत्र सुन्यो । त्यसपछि शारदाले लेखेको चिठीको जस्तै कागत मगाएर त्यस्तै रंगको मसिले हिन्दीमा शारदाको तर्फबाट आफ्नो नाममा पत्र लेखायो । पहिलो वाक्य शारदाको नै रहन दियो र शेष लेख परिवर्तित गराइदियो । पत्रमा लेखायो कि बोम्बे सेन्ट्रलमा संयोगवश भेट भएको थियो र यति नामी चित्रकारलाई भेट्न पाउँदा निके प्रसन्न भएकी थिई.....इत्यादि इत्यादि । पत्नीको मामिला भएकोले षड्यन्त्र आवश्यक थियो ।

पत्रको झमेलाबाट छुट्टी पाएर नजीरले शारदालाई एउटा अर्जेन्ट तार (आवा) पठायो जसमा भनिएको थियो– "नयाँ ठेगानाको प्रतीक्षा गर्नू । नयाँ ठेगाना नपाएसम्म पत्र नलेख्नू ।"

मनमा आशंका लिएर त्यो साँझपख जब घर पुग्यो तब त्यसकी पत्नीले शारदाबारे सोधी । त्यसले भन्यो– "धेरै समय भयो..... म आफ्नो एउटा मित्रलाई छोड्न गएको थिएँ । मेरो मित्र शारदासँग परिचित थियो र त्यहीं (रेलवे) प्लेफार्ममा उसँग परिचय भएको थियो......शारदालाई चित्रकारीको सोख छ ।"

त्यो कुरा त्यतै हरायो । केही दिनपछि त्यसले आफ्नो एउटा मित्रको ठेगाना शारदालाई पठाइदियो । त्यसपछि शारदाको पत्र आउन थाले ।

म्यारीना होटलको त्यो मैला र तीनतिरबाट खुल्ला कोठामा त्यसको भेटघाट जुन शारदासँग हुन्थ्यो त्यो निकै मितभाषिनी थिई तर अब त्यो निकै लामा पत्र लेख्दथी । शारदाले त्यसका सामु कहिल्यै प्रेम प्रकट गरेकी थिइन तर अब पत्र आद्योपान्त प्रेमसिक्त हुन्थे । उही गुनासा, उही वियोगका कुरा र त्यस्तै किसिमका सामान्य कुरा जो प्रेमपत्रमा हुन्छन् । नजीरलाई शारदासँग त्यस्तो प्रेम थिएन जस्तो प्रेमका चर्चा कहानी र उपन्यासमा प्रायः हुन्छ । त्यो बुझ्न सकिरहेको थिएन कि जवाफमा त्यो के लेखाओस् । जवाफ लेख्ने काम त्यसको एउटा मित्रले गर्दथ्यो । उसले हिन्दीमा जवाफ लेखेर नजीरलाई सुनाइदिन्थ्यो र नजीर 'ठीक है' भन्दथ्यो । शारदा बम्बई आउन आतुर थिई तर ऊ म्यारीना होटलमा करीमकहाँ बस्न चाहन्नथी । नजीर त्यसको अन्यत्र बसाइको व्यवस्था गर्न सक्दैनथ्यो किनकि तिनताका भारामा घर पाइँदैनथे । त्यसले कुनै अर्को होटलको कोठाबारे सोच्यो । पछि त्यसले त्यो विचार त्यागिदियो र शारदालाई लेखाइपठायो कि अलि दिन अरु प्रतीक्षा गर ।

त्यस्तै समयमा साम्प्रदायिक दंगा सुरु भए......(भारत) विभाजनको विचित्र दौडधुप थियो ।

नजीरकी पत्नीले भनी ऊ लाहौर जान चाहन्छे– "म केही दिन त्यता बसूँला । स्थिति सामान्य भए आउनेछु नत्र तपाईं लाहौर आउनुहोला ।"

नजीरले केही दिनसम्म त उसलाई रोक्यो तर जब त्यसकी पत्नीको भाइ लाहौर जानका लागि तयार भयो तब ऊ पनि तयार भई र भाइ-बहिनीका साथ अन्ततः लाहौरतिर लागी । त्यो अब एक्लो थियो । त्यसले शारदालाई सामान्य तरिकाले पत्र लेखायो कि अब त्यो एक्लै छ । जवाफमा शारदाको तार आयो कि ऊ आउँदैछ । तारको बेहोरा अनुसार उसले जयपुरबाट प्रस्थान गरिसकेकी थिई ।

नजीर एकछिन त आत्तियो तर त्यसले अर्कै क्षण अनुभव गऱ्यो कि उबकते शारीरिक बनोट निकै राम्रो छ । त्यो शारदाको शरीरबाट अजस्र प्रेम चाहन्थ्यो । त्यो फेरि त्यस्तै दिनको चाहना गर्दथ्यो जब त्यो पूर्वाह्न एघार बजेदेखि साँझ सात बजेसम्म शारदासँग एकाकार भइरहन्थ्यो । त्यसले सोच्यो कि अब रुपैयाँको समस्या रहनेछैन । करीम हुनेछैन, होटल हुनेछैन, जम्मा एउटा नोकरले कुरा जान्नेछ र त्यसको मुख पैसाले बन्द गर्नुपर्ला । दश-पन्ध्र रुपैयाँ पर्याप्त होलान् ।

अर्को दिन बिहान त्यो स्टेशन पुग्यो । फ्रन्टिएर मेल आएपछि खोज-तलाशका बाबजुद शारदा भेटिइन । त्यसले सोच्यो कि कुनै कारणवश त्यो जयपुरमा रुकेकी होली । त्यसले त्यहीं स्टेशनमा नाश्ता गऱ्यो र लोकल ट्रेन समातेर आफ्नो दफ्तरको लागि प्रस्थान गऱ्यो । त्यो महालक्ष्मीमा ओर्लने गर्थ्यो । गाडी रोकिंदा त्यसले शारदालाई प्लेटफार्मनेर उभिएकी देख्यो । त्यसले जोरसँग पुकाऱ्यो– "शारदा !"

शारदाले तर्सिएर त्यसतिर हेरी र भनी– "नजीर साहेब !"

"तिमी यता कता ?"

"तपाईं मलाई लिन नआएपछि म तपाईंको ओफिस पुगेकी थिएँ । त्यहाँ थाहा भयो कि त्यतिबेलासम्म तपाईं ओफिस पुग्नुभएको छैन । म यहाँ प्लेटफार्ममा तपाईंलाई पर्खिरहेकी थिएँ ।" शारदाले गुनासो गर्दै भनी ।

नजीरले केहीबेर सोचेर भन्यो– "तिमी यतै बस । म भर्खरै दफ्तरबाट बिदा लिएर आउँछु ।"

शारदालाई फलैंचामा बसालेर त्यो छिटो-छिटो दफ्तर पुग्यो । एउटा निवेदन लेखेर पिउनलाई दियो र फर्केर शारदासाथ आफ्नो घरतिर लाग्यो । बाटोमा दुवैले कुनै कुराकानी गरेनन्, तर तिनका शरीर भने परस्पर वार्तालाप गरिरिकका थिए र परस्पर आकर्षित भइरहे । घर पुगेर त्यसले शारदासँग भन्यो– "तिमी नुहाइहाल, म नाश्ताको व्यवस्था गर्दछु ।"

शारदा स्नानागारमा पसेपछि त्यसले आफ्नो नोकरसँग भन्यो– "मेरा एक मित्री पत्नी आएकी छन् । छिटो नाश्ता तयार गर ।" त्यति भनेर दराजबाट जोनी वोकर झिक्यो र दुई पेग बराबर एक पेग गिलासमा खन्यायो र पानी मिसाएर घटघटी पिइहाल्यो । त्यो उहीं होटलवाला तरिकाले शारदासँग मिल्न चाहन्थ्यो ।

शारदा नुहाइ-धुवाइ गरेर बाहिर निस्किई र नाश्ता खान थाली । नजीरले नोकरलाई निकै टाढा सिङनपुच्छरको काममा पठाइदियो ।

शारदा यताउताका अन्गिन्ती कुरा गरिरहेकी थिई । नजीरले महसुस गऱ्यो कि शारदा फेरिएकी छ । पहिले त्यो अत्यन्त अल्पभाषी थिई, प्रायः चुप रहन्थी । अब त्यो प्रत्येक कुरामा आफ्नो प्रेम प्रकट गरिरहेकी थिई ।

नजीरले सोच्यो– "यो प्रेम के हो ? शारदाले प्रेम प्रकट नगरे कति बेस हुन्थ्यो । मलाई शारदाको खामोशी पसन्द थियो । उसको खामोशीमार्फत् मसम्म धेरै कुरा पुग्दथे । शारदालाई अचेल यो के भयो ! कुरा गर्दा भान हुन्छ कि प्रेमपत्र पढेर सुनाइरहेकी छ ।"

शारदाले नाश्ता सकेपछि नजीरले एउटा सानो पेग बनाएर शारदालाई पेश गऱ्यो तर उसले इन्कार गरिदिई । नजीरले हठ गर्दा उसले निधारमा गाँठो पारी, नाक थुनेर पेग आफूभित्र खन्याएर मुख बिगारी । शारदाले त्यसरी रक्सी खाएपछि नजीरलाई अफसोस भयो । त्यसले सोच्यो कि मैले हठ गर्दा पनि त्यसले नपिएको भए बेस हुन्थ्यो ।

» बाँकी ३ पेजमा

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

रु.जि.हु.द.न.१३/०६३/०६४

**शहदत हसन मन्टो**...

त्यसले यस विषयमा धेरै सोच्नु आवश्यक ठानेन र उठेर ढोका बन्द गरिदियो । त्यसपछि शारदालाई उचालेर बिस्तरामा लग्यो र उसँग लेटिसकेपछि भन्यो– "तिमीले लेखेकी थियौ कि ती दिन कहिले आउलान्......लौ अब ती दिन फेरि आए, उही दिन । दिनमात्र होइन, रात पनि । तिनताका रात हुँदैनथे, मात्र दिन हुन्थे.....होटलका फोहरी दिन......यहाँ प्रत्येक वस्तु उज्यालो छ.......हर चीज सफा छ.......होटलको भारा पनि छैन, करीम पनि छैन......यहाँ हामी आफ्ना मालिक हामी आफै हौं ।"

शारदाले आफ्नो वियोगको कुरा गरी– त्यो जमाना उसले कसरी काटी किताब र कहानीका वाहियात कुरा, गुनासा, सुस्केरा, तारा गन्दै रात काट्नु....।

नजीरले उठेर एक पेग अरु पियो र सोच्यो– को तारा गन्दछ ! गन्न पनि कसरी सक्छ यत्तिका धेरै तारालाई....फाल्टु कुरा हुन्, वाहियात-बकवास ।

सोच्दा-सोच्दा त्यसले शारदातिर हेर्‍यो र उसँग टाँसियो । बिस्तरा सफा थियो, शारदा सफा थिई, ऊ स्वयं सफा थियो, कोठाको वातावरण पनि सफा थियो तर त्यसको मन-मस्तिष्कले त्यस्तो आनन्द-अनुभव गर्न सकिरहेको थिएन जस्तो कि म्यारीना होटलको फोहरी कोठामा फलामे खाटउपर शारदाको संसर्गमा हुन्थ्यो ।

नजीरले सोच्यो कि शायद त्यसले कम पिएको छ । त्यसले एक पेग अरु बनायो र एकै सासमा सक्यो र शारदासँग फेरि टाँसिएर लेट्यो ।

शारदाले फेरि उही लाखपटक दोहोर्‍याएका कुरा शुरु गरी.......उही बिजोगका दुखेसा, उही गुनासा । नजीर हैरान भयो र त्यस दिक्दारीले त्यसको शरीरलाई भुत्ते बनाइदियो । त्यसले महसुस गर्‍यो कि शारदाको शाण घोटिएर बेक्म्मा भइसक्यो र अब ऊ त्यसको शारीरिक भोकलाई जगाउन सक्दिन ।

त्यसले निके कठिनाइसाथ आफूलाई त्यस्तो सोचबाट मुक्त गर्न सक्यो, वडा मुस्किलसाथ शारदाका कुरा सुन्यो र निकै बेरपछि मात्र त्यो शारदामा समाहित हुन सक्यो ।

काम सिद्धिएपछि त्यसको चाहना भयो कि त्यो घर पुगोस् आफ्नी पत्नीको सन्निधिमा । तर जब त्यसले सोच्यो कि त्यो आफ्नै घरमा छ र त्यसकी स्वास्नी लाहौरमा छ तब त्या मनमनै निकै रिसायो । फेरि त्यसको चाहना भयो कि त्यसको घर होटल बनिजाओस् त्यसले दस रुपैयाँ कोठाको भारा देओस्....पचास रुपैयाँ करीमलाई देओस् र त्यो गइहालोस् ।

शारदाको शारीरिक आकर्षण जस्ताको तस्तै कायम थियो । तर, त्यो वातावरण थिएन, त्यो सौदा थिएन, त्यो फोहर थिएन । तीसब चीजहरुले मिलेर जो एउटा माहौल बनाउँदछन्, त्यो माहौल थिएन । त्यो आफू स्वयं पनि थिएन । त्यो आफ्नो घरमा थियो, घरमा बिस्तरामा थियो जसउपर त्यसको स्वास्नीसँगै सुत्दथी ।

घर र पत्नी, होटर र शारदा, घर र शारदा, त्यो केही बुझ्न सकिरहेको थिएन कि मामिला के हो । कहिले त्यो सोच्दथ्यो कि जोनी वोकर खराब थियो, कहिले सोच्दथ्यो कि त्यसले शारदातिर ध्यान दिएन, कहिले सोच्दथ्यो कि शारदा खामोश रहेकी भए बेस हुनेथियो, फेरि त्यो सोच्दथ्यो कि शारदा यतिका दिनपछि आएकी हो । उसको आफ्ना मनका उकुसमुकुस गरी बसेका भावनाहरु त बाहिरिने नै भए । एक-दुई दिनमा सब ठीक होला र शारदा पहिलेकी जस्ती बनिजाली ।

पन्ध्र दिन बितिसक्दा पनि नजीरलाई शारदा, उही शारदा भएकी महसुस भएन ।

शारदाकी छोरी, मुन्नी जयपुरमा थिई । होटलवाला दिनमा मुन्नी त्योसँग हुन्थी । नजीर मुन्नीका रुघाका लागि, त्यसका घाउ-खटिराका लागि, त्यसका घाँटीका लागि ओखतीहरु मगाउँदथ्यो । अब त्यस्तो केही थिएन । एक्ली शारदा थिई अनि त्यो, शारदा र उसकी मुन्नीलाई बिलकुल एक ठान्दथ्यो । तिनताका एकबार शारदाका दुधले भरिएका छातीमा दबाउ पर्दा नजीरको लोमश वक्षमा दुधका केही थोपा टाँसिएका थिए र त्यसले एक विचित्र प्रकारको स्वादको अनुभव गरेको थियो । तब त्यसले सोचेको थियो– आमा बन्नु कति राम्रो कुरा हो र यो दुध ! पुरुषमा कति ठूलो कमी छ ? त्यसले खाइपिई गरेर सबथोक पचाउँदछ । आइमाईले खान्छे र खुवाउँछे । कसैलाई पाल्नु, भलै आफ्नो बच्चा होस्, कति शानदार कुरा हो । मुन्नी शारदासँग थिइन र शारदा अपूर्ण थिई । उसका वक्ष अपूर्ण थिए । अब तिनमा दुध थिएन– त्यो सेतोसेतो अमृतजल ।

त्यसले शारदालाई आफ्नो छातीमा अँठ्याउँदा पनि ऊ निषेध गर्दिनथी । शारदा अब त्यो शारदा थिइन । नाइँ, शारदा त उहीं शारदा थिई । त्यो पहिलेकी शारदाभन्दा बढी नै थिई । यतिका दिनको वियोगपछि त्यसको शारीरिक आवश्यकता निके तीव्र भएको थियो । ऊ आत्मिकरुपले पनि त्यसलाई चाहन्थी । तर, नजीरलाई महसुस हुन्थ्यो कि विगतमा रहेको आकर्षण अथवा जे भनौं अब छैनन् ।

लगातार पन्ध्र दिन शारदासँग बिताएपछि नजीर यस निष्कर्षमा पुग्यो कि दफ्तरबाट पन्ध्र दिन अनुपस्थित रहनु निकै पर्याप्त हो । अतः त्यसल दफ्तर जान शुरु गरिदियो ।

त्यो बिहान दफ्तर जान्थ्यो र साँझ फर्कन्थ्यो । शारदाले वास्तविक पत्नीझैं त्यसको सेवा शुरु गरी उसले बजारबाट ऊन किनेर त्यसका लागि स्वेटर बुनिदिई । साँझपख त्यो दफ्तरबाट आउँदा त्यसका लागि सोडा राखिएको हुन्थ्यो, बरफले थर्मस भरिएको हुन्थ्यो, बिहान शेवको सामान टेबलमा राखिएका हुन्थे, स्नानागारमा तातो पानी राखिएको हुन्थ्यो । ऊ स्वयं झाडू-बढारु गर्दथी र पूरा घर आफै सफा गर्दथी । शारदाका त्यस्ता क्रियाकलाप देखेर त्यो झन उक्तायो ।

राती त्यो र शारदासँगै सुत्ने गर्दथे तर अब त्यो केही सोच्ने बहाना बनाएर अलग सुत्न थाल्यो ।

त्यसको उल्झन अरु बढ्यो । शारदा मस्त निद्रामा पर्दथी भने त्यो सोचिरहन्थ्यो कि आखिर यो सब के हो ? शारदा यहाँ किन छ ? म्यारीना होटलमा शारदासँग बडा राम्रा दिन गुजारिएका थिए तर अब ऊ त्योसँग किन टाँसिएकी छ ? अन्ततोगत्वा यसको परिणाम के होला ? प्रेम-स्रेम सब बकवास हो । एउटा कुरा जो हामीबीच थियो, त्यो अब छैन । अब त शारदा जयपुर फर्की गए बेस होला । उक्ताहटको अनुभव केही दिनपछि अपराधबोधमा परिणत भयो । दुष्कर्म त्यो म्यारीना होटलमा गर्दथ्यो र बिहेअगि पनि त्यसले यस्ता असंख्य कुकर्म गरेको थियो तापनि त्यसलाई अपराधबोध भएको थिएन । तर, अब त्यो अपराधबोध, भारी बोझ बनेर त्यसको मन-मस्तिष्कमा बस्न थाल्यो कि त्यो आफ्नी सोझी-सादी पत्नीसँग विश्वासघात गरिरहेको छ । त्यसले सोच्यो कि शारदाको पत्रबारे पनि त्यसले आफ्नी पत्नीलाई छल गरेको थियो । यस्ता कुरा सोचेपछि शारदा झन् अनाकर्षक हुनपुगी ।

त्यसले शारदासँग रुखो व्यवहार गर्न शुरु गर्‍यो तर शारदाको प्रेममा भने कुनै अन्तर भएन । ऊ जम्मा यति जान्दथी कि आर्टिस्टहरु मनमौजी हुन्छन् । त्यसकारण ऊ नजीरको उदासीनताबारे गुनासो गर्दिनथी ।

पूरा एक महिना बित्यो । नजीरले दिन गन्दा त्यसलाई झन उल्झन भयो.....यो आइमाई के पूरा एक महिना यहाँ, यस घरमा बसी.....म कस्तो नीच मान्छे हुँ....मानौं यो आइमाईबेगर मेरो जीवन दुष्कर छ....म कति ठूलो फ्राड (जाली) हुँ......म यसलाई किन सफासँग भन्न सक्दिनँ कि अब मलाई तिमीसँग कुनै लगाउ छैन.....लगाउ छैन वा उसमा पहिलेको जस्तो कुरा छैन ।

त्यो सोच्दथ्यो तर जवाफ पाउँदैनथ्यो । त्यसको मस्तिष्कमा एउटा विचित्र प्रकारको उथलपुथल मचेको थियो । जब-जब त्यसको दिमागमा नैतिकताको प्रश्न ठडिन्थ्यो, तब-तब स्वास्नीसँग गरेको छलको अपराधबोध त्यसउपर जाइलाग्थ्यो । केही दिन अरु बित्दा त्यो संवेदना झन् भारी भयो र त्यसले स्वयंलाई घृणा गर्न थाल्यो– "म बहुत नीच हुँ....यो आइमाई मेरी दोस्री पत्नी किन बनी.....यो मसँग किन टाँसिएकी छ....यसले जे-जे गर्छे ती सब बनावटी हुन् र यिनै छलकपटका भरमा मलाई मेरी स्वास्नीदेखि वियुक्त गर्न चाहन्छे ।

त्यसका दृष्टिमा शारदा झन् काम नलाग्ने भई र उसप्रति त्यसको व्यवहार झन् रुखो भयो ।

नजीरको रुखोपन देखेर शारदा अत्याधिक कोमल भई । उसले नजीरका आरामा-सुखचैनबारे झन् विचार पुर्‍यायउन थाली ।

नजीरलाई शारदाको त्यस्तो व्यवहारले अत्याधिक उल्झनमा पार्न थाल्यो र त्यसले शारदासँग अत्यन्त घृणा गर्न थाल्यो ।

एकदिन त्यसको गोजी रित्तो थियो । बैंकबाट पैसा निकाल्न त्यसले बिर्सिएको थियो । अस्वस्थताका कारण त्यो बेर गरेर दफ्तर जान थाल्यो । त्यस्तो अवस्थामा शारदाले केही भन्न चाहँदा त्यो उम्लियो– "बकवास गर्न आवश्यक छैन......म ठीक छु....बैंकबाट पैसा झिक्न बिर्सिएछु.....मेरा सारा चुरोट सिद्धिए ।"

दफ्तरनजीक अवस्थित पसलमा त्यसले गोल्ड फ्लेकको एक बट्टा पायो । त्यो चुरोट त्यसलाई मन पर्दैनथ्यो तर, उधारो पाएको थियो । निरुपाय भएर त्यसले दुई-तीन चुरोट तानेको थियो । साँझ घर पुग्दा त्यसले देख्यो कि तिपाईमाथि त्यसले मन पराउने चुरोटको बट्टा राखिएको छ । त्यसले सोच्यो कि बट्टा रित्ता होला, फेरि सोच्यो कि, शायद, एक-दुई सिगरेट होलान् । खोलेर हेर्दा प्याकेट फुल थियो ।

त्यसले शारदासँग सोध्यो– "यो बट्टा कहाँबाट आयो ?"

शारदाले मुस्कुराएर भनी– "भित्र दराजमा थियो ।"

नजीरले केही भनेन । त्यसले सोच्यो कि, शायद, त्यसले कुनै दिन बट्टा आल्मारीमा राखेर बिर्सियोहोला । तर, अर्को दिन फेरि तिपाईमा एउटा फुल प्याकेट विद्यमान थियो । सिगरेटको बट्टाबारे सोध्दा शारदाले मुस्कुराउँदै उस्तै जवाफ दिई– "भित्र आल्मारीमा थियो ।"

नजीरले औधी रिसाउँदै भन्यो– "शारदा ! तिमी बकवास गर्दिछौ । तिम्रो यस्ता क्रियाकलाम मलाई मन पर्दैन । म आफ्ना आवश्यकत वस्तु आफै किन्न सक्छु । म भिकारी होइन कि तिमीले मेरा लागि दिनहुँ चुरोट किन्नैपर्ने ।"

शारदाले निकै प्रेमपूर्वक भनी– "तपाईं बिर्सनुहुन्छ । यसैकारण मैले दुई-दुई पटक धृष्टता गरें ।"

नजीरले झन् रिसाउँदै भन्यो– "मेरो मगज बिग्रेको छ र मलाई यस्तो धृष्टता मनपर्दैन ।"

शारदाले अत्यन्त नम्रतापुर्वक भनी– "म क्षमा चाहन्छु ।"

एक क्षणका लागि नजीरले सोच्यो कि शारदाले कुनै गल्ती गरेकी छैन । त्यसले त अगि बढेर शारदको मुख चुम्नुपर्छ किनकि ऊ त्यसको यति वास्ता गर्दथी । तर, तुरुन्तै पत्नी र घरको विचार आयो र त्यो विश्वासघात गरिरहेछ । अतः त्यसले शारदासँग निकै स्वरमा भन्यो– "बकवास नगर ! मेरो विचार छ कि म तिमीलाई भोलि यहाँबाट बिदा गरिदिउँ । तिमीलाई जति रुपैयाँ चाहिन्छन्, म भोलि दिउँला ।"

त्यसो भन्दा त्यसको बोझ त हल्का भयो तर, त्यसले महसुस गर्‍यो कि त्यो कत्तिको अधम र नीच छ ।

शारदाले केही भनिन ।

नजीरको हिच्किचाहटको बाबजुद शारदा राती नजीरसँगै सुती । त्यसले रातभर नजीरलाई माया गरिरही ।

नजीर सारा रात उल्झनमा रह्यो तर, त्यसले उल्झन प्रकट गरेन ।

बिहान नाश्तामा अनेक स्वादिष्ट परिकार थिए । नजीरले शारदासँग कुनै कुरा गरेन । नाश्ता सिद्धिएपछि त्यो सोझै बै.कतिर लाग्यो । बैंक जानुभन्दा पहिले त्यसले शारदासँग यति मात्र भन्यो– "म बैंक जाँदैछु । अलिबेरमा फर्की आउनेछु ।"

बैंकको त्यो शाखा जसमा उसको पैसा जम्मा थियो, बिल्कुल नजिक थियो । त्यो दुईसय रुपैयाँ झिकेर तुरुन्त फर्कियो ।

त्यसले सोच्यो कि शारदालाई दुईसय रुपैयाँ र टिकट दिएर बिदा गरिदिनेछ । घर पुग्दा त्यसको नोकरले, जसलाई त्यति लामो अवधिमा लगभग बिर्सिसकेको थियो, भन्यो– "उहाँ गइसक्नुभयो ।"

त्यसले सोध्यो– "कहाँ ?"

नोकरले भन्यो– "हजुर ! उहाँले मसँग केही भन्नुभएन । आफ्नो ट्रंक (टिनको बाकस) र विस्तरा साथ लानुभएको छ ।"

त्यो हतप्रभ भएर कोठाभित्र पस्दा देख्यो कि तिपाईमाथि त्यसको मनपर्दो सिगरेटको बट्टा राखिएको छ, भरिभारउ ।

जेठ २३, २०७१

---

**ओमसतियाको**...

कुल आन्तरिक आय २ करोड ८७ लाखको ५ प्रतिशत पालिकाले मापदण्ड र कार्यविधि नबनाई संघसंस्था र व्यक्तिलाई १४ लाख ६० हजार ४९२ रुपैयाँ आर्थिक सहायता वितरण गरेको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रिया नियन्त्रणमा हुनु पर्ने महालेखाले भनेको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत ४ वडामा ११ योजना सञ्चालन गरी ६२ जनालाई औसत ९७ दिनले रोजगारी उपलब्ध गराई छनौटकोआधार नखुलाई, दोहोरो परे नपरेको स्पष्ट नगरी ३४ लाख ७५ हजार श्रमिक ज्याला खर्च गरेको छ ।

पालिकाले पदपूर्ति नगरी विभिन्न पदमा करार कर्मचारी राखी ८९ लाख २८ हजार खर्च गरेको छ भने ऐनमा उल्लेखित पद बाहेक विभिन्न स्वास्थ्यतर्फका सहायक पाँचौ पब्लिक हेल्थ नर्स, ल्याब अस्सिटेन्ट, अनमी पदमा करार मा १४ जना नियुक्त गरी अनियमित रूपमा ३४ लाख ८५ हजार ४३० रुपैयाँ खर्च नियमसम्मत नभएको देखिएको छ ।

न्यायसमितिले पालिकामा दर्ता भएको विवाद मेलमिलापको माध्यमबाट विवाद निरूपण गर्न बैठक भत्ता लिन पाउने भए पनि गोश्वरा भौचरामा स्थलगत निरीक्षण गरेको भनि अनुगमन भत्ता ५४ हजार खर्च लेखिएकोले असुल गर्नुपर्ने छ ।

गाउँपालिबाट सञ्चालित कार्यक्रममा कार्यालयको आन्तरिक प्रशिक्षकको रूपमा रहेको १ हजार प्रति कक्षाको दरले भत्ता पाउनु पर्नेमा २ हजार ५ सयका दरले ३२ कक्षाको भुक्तानी भएकोले असुल गर्नुपर्ने बेरूजु देखिन्छ ।

गाउँपालिकाले १९ लाख २१ हजार अवलोकन भ्रमणमा खर्च गरेको देखिएकोमा यस्ता अनुत्पादक क्षेत्रमा खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्ने महालेखाले भनेको छ । गाउँपालिकामा कार्यरत कर्मचारीलाई खाजा सुविधा प्रतिमहिना २ हजार, यातयात ४ हजारसम्म सुविधा दिने निर्णय गाउँसभाबाट गरी १६ लाख ३२ हजार खर्च गरी आर्थिक व्ययभार बढ्न गएको छ । आन्तरिक आय न्यून भए पनि विचार नपुर्‍याइ सुविधा खर्च भएको छ ।

यस्तै ओमसतियाले धार्मिक तथा साँस्कृतिक सहायताको नाममा ३४ लाख २९ हजार अनियमित रूपमा खर्च गरेको पाइएको छ । विभिन्न व्यक्तिलाई ९ लाख ९९ हजार, दुर्गा लक्ष्मी छठ पूजामा व्यक्तिलाई ८० हजार, जगतगुरू आश्रमलाई अनुदान महायज्ञमा १ लाख, कपडा खरिदमा १ लाख ४९ हजार, रामसिता मेला महोत्वमा १ लाख, रामजानकी मन्दिर तथा महोत्सवमा ६ लाख, ओमसतिया महोत्सवमा ५ लाख, कर्मचारी मिलन केन्द्रलाई ५ लाख र थारू कल्याणकारी सभाको माघी उत्सवका लागि ४ लाख खर्च भएको अनियमित देखिएको छ ।

यस्तै उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनालाई प्राथमिकता दिनुपर्नेमा वितरणमुखी कार्यमा २८ लाख ७० हजार खर्च भएको जुन कम्मल वितरण, झुल वितरण, सिलाइ मेसिन, खेलकुद, पोषण खाद्य, सिरक तथा हर्लिक्स वितरणलगायतमा खर्चिएको छ ।

पालिकाले सवारीसाधन प्रयोग गर्ने कर्मचारी र पदाधिकारहरूले नियमानुसार इन्धन आफूले प्रयोग गर्ने सवारी साधन र इन्धन प्रयोगको साधनको सवारी लगबुक राख्नु पर्ने व्यवस्था भए पनि इन्धनमा एकमुष्ट रूपमा १९ लाख ४३ हजार ७८४ रुपैयाँ खर्च भएको छ । यसरी प्रयोग भएको इन्धन कसले कति प्रयोग गर्‍यो भन्ने पनि पालिकाले उल्लेख गरेको छैन । यस्तै पालिका वडाध्यक्षहरूलाई ऐनले निर्धारण गरेको सुविधा बाहेक १ लाख २३ हजारको इन्धन वडा नम्बर १ देखि ५ सम्मका जनप्रतिनिधिले गरेका छन् जुन अनियमित देखिएको छ ।

यस्तै गैर सरकारी संस्थाबाट विभिन्न कार्यक्रमहरू स.चालन गरी ३४ लाख १३ हजार, कानुनी सल्लाहकार नियुक्त गरी ६० हजार, गाँउसभा सञ्चालनमा विनियोजित बजेटबाट ल्यापटप र लेडिज व्याग खरिद गरी फरक शीर्षकमा ४ लाख ९९ हजार खर्च अनियमित रूपमा गरिएको छ । समानीकरण अनुदानबाट अनियमित रूपमा ठुठीपिल मावि, जनजागृती मावि र छोटकी रामनगरमा ६-६ अनियमित रूपमा खर्च गरिएको छ ।

यस्तै योजनाको माग संकलन र छनोट गरीमात्रै गर्नुपर्ने विभिन्न कार्यत्र,म विभिन्न आपूर्तकबाट ४७ लाख बढी वितरण मुखी रूपमा खर्च गरिएको छ ।

कार्यालयबाट हुन सक्ने काम पनि लागत घटाई भएको स्रोत, साधन र जनशक्ति परिचालन गरी विगतमा भएका अध्ययन परामर्शको अभिलेख नभएका नयाँ खर्च गर्ने मनसायले काम भएको प्रतिवेदनमा उल्लेख छ । जस्मा ९ करोड ३७ लाख १० हजार खर्चिएको छ । यस्तै ४८ लाख ५० हजारको पिकअप मोडेलको फोर्टन गाडी औसत चल्ने कुल समय, लागत र अन्य सुविधा विकल्पसहितको निर्णय लिई खरिद गर्नुपर्नेमा खर्चिलो परेको स्थिति छ ।

शिक्षातर्फ २२ लाख ८१ हजार ७३८ रुपैयाँको पाठ्यपुस्तक निःशुल्क रूपमा अनुदानमा दिए पनि विद्यार्थीले पाठ्यपुस्तक बुझेको भरपाइ र समयमा पाए नपाएको प्रअले प्रमाणित गरी पेश नगरेको, यस्तै दिवा खाजामा प्रति विद्यार्थी दिन १५ का दरले उपलध गराउँदै आएकोमा पालिकाले अनुगमन नगरी २६ लाख १९ हजार ४५८ रुपैयाँ दिवा खाजाको व्यवस्थापन गरे नगरेको अनुगमन विना खर्च गरेको पाइएको छ ।

विद्यालयमा सेनेटरी प्याड व्यवस्थापनतर्फ ८ लाख ९९ हजार बराबरको प्रति प्याकेट ११५ का दरले सिधैं खरिद गरी पालिकाले वितरण भए नभएको अनुगमन विनै प्रतिवेदन पेश गरेको छ ।

पालिकाले औषधि खरिद २२ लाख ६१ हजारको गरे पनि खरिद भएका औषधिको मूल्य उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा मूल्यसूची प्रकाशन गरेको उत्पादकबाट उत्पादित औषधि खरिद गरेको छैन, औषधिको जिन्सी दाखिला गर्दा खरिद गरेको र हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रूपमा आम्दानी बाधेको छैन । यस्तै दरबन्दीभन्दा बढी काज कर्मचारीमा ४२ लाख ४२ हजार ४५९ अनियमित रूपमा खर्च गरेको छ । लेखा परीक्षण भएको वर्षको बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतमा विपिन क्षेत्री र त्यसपछि सागर गौतम रहेका थिए । ओमससतिया गाउँपालिकाको अध्यक्षमा नेकपा एमालेका मञ्जितकुमार यादव र उपाध्यक्षमा नेपाली कांग्रेसकी सुनिता चौधरी छन् ।

लेखा परीक्षकको कार्यालयले सैद्धान्तिक र असुल हुनुपर्ने बेरूजु देखाउने गरेको छ । असुल हुनुपर्ने भनि लेखिएका बेरूजु असुल हुनुपर्छ ।

दिन नपर्ने, दिनै नमिल्ने, बढि भुक्तानी दिने, कर नकाटेर भुक्तानी दिनेजस्ता अनियमितता पालिकामा हुने भएकाले पनि असुल गर्नुपर्ने बेरूजुको संख्या बढिरहेको छ । 'कुनै योजनाको स्टिमेटअनुसार काम भएको हुँदैन, तर, भुक्तानी सबै हुन्छ, कुनैमा कर काट्नु पर्नेमा काटिएको हुँदैन, यस्ता धेरै समस्या पालिकामा हुने गर्छन् ।' यस्ता कुरामा ख्याल गरियो भने पालिकाहरूमा बेरूजु कम हसन सक्छ । त्यस्तै कागजात नपुर्‍याएर, प्रमाण पूरा नगरेर, फोटोकपी बिलबाट भुक्तानी गर्दा सैद्धान्तिक बेरूजु देखिन आउँछ । सम्बन्धित पालिकामा पनि आन्तरिक परीक्षक हुने गर्छ । आन्तरिक लेखापरीक्षकले देखाएका बेरूजु घटाए पनि अन्तिममा हुने बेरूजुदर कम हुन सक्छ ।


त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
पक्लिहवा क्याम्पस, भैरहवा, नेपाल

**शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१।०५।०७**

यस पक्लिहवा क्याम्पसका लागि तपसिलमा उल्लेख भए अनुसारको कार्य, नेपाल सरकारको इजाजत प्राप्त भ्याटमा दर्ता भएको सम्बन्धित कामको अनुभवी नेपाली फर्मबाट गराउनु पर्ने भएकोले उल्लेखित शर्तहरुको अधीनमा रही शिलबन्दी दरभाउपत्र फाराम दाखिला गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१. शिलबन्दी दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्रौं) दिनसम्ममा कार्यालय समयभित्र यस क्याम्पसबाट रु १०००।- नगद (फिर्ता नहुने) बुझाई खरिद गर्न सकिनेछ ।
२. शिलबन्दी दरभाउ फाराम खरिद गर्न फर्मको नवीकरणको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, आ.व. २०७९।०८० को कर चुक्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ ।
३. शिलबन्दी दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिउँसो १२:०० बजेसम्ममा यस क्याम्पसमा दर्ता गर्नुपर्नेछ । रीतपूर्वक दर्ता भएको शिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको २.०० बजे सम्बन्धित दरभाउपत्रहरुको रोहबरमा (उपस्थित नभए पनि) खोलिनेछ ।
४. शिलबन्दी दरभाउपत्र फाराम दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समयभित्र उपरोक्त समय अनुसार नै हुनेछ ।
५. शिलबन्दी दरभाउपत्र फाराम साथ तपसिलमा तोकिएको रकम धरौटी स्वरुप यस कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड, भैरहवा चल्ती हिसाब नं. ०११००१००४१७७५५००००००१ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन म्याद भएको वाणिज्य बैंकबाट जारी भएको बैंक ग्यारेन्टीको पत्र (विडबण्ड) संलग्न हुन पर्नेछ । शिलबन्दी दरभाउपत्र पेश गर्दा खाम भित्र धरौटीको रुपमा नगद राखेमा सो दरभाउपत्र स्वतः फिर्ता गरिने छ । दरभाउपत्र स्वीकृति भए पश्चात मात्र धरौटी जम्मा रकम फिर्ता गरिनेछ ।
६. शिलबन्दी दरभाउपत्रदाताले कबोल गरेको दररेट तथा कूल रकम अंक र अक्षरमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । दरभाउपत्रमा दरभाउपत्रदाताको नाम, ठेगाना, दस्तखत र छाप अनिवार्य रुपमा हुनुपर्नेछ ।
७. शिलबन्दी दरभाउपत्र फारामको खाम बाहिर फर्मको नाम, दरभाउपत्र नं. र कार्यको नाम र विवरण स्पष्ट लेख्नुपर्नेछ ।
८. हुलाक, कुरियर्स, इमेल वा फ्याक्सबाट प्राप्त दरभाउपत्रलाई मान्यता दिइने छैन ।
९. शिलबन्दी दरभाउपत्र फाराम आंशिक वा पूर्ण रुपले कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस क्याम्पसमा सुरक्षित रहनेछ ।
१०. स्पेशिफिकेशन (Specification) को हकमा नेपाल विद्युत प्राधिकरणबाट प्रमाणित भएको सामग्री हुनु पर्नेछ ।
११. शिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समयभित्र क्याम्पस प्रशासनमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

| सि.नं. | दरभाउ पत्र नं. | कार्य विवरण | शिलबन्दी दरभाउपत्र जमानत | शिलबन्दी दरभाउपत्र दस्तुर | अनुमानित लागत रकम | किसिम |
|---|---|---|---|---|---|---|
| १. | ०१।२०८१।०८२ | ट्रान्सफर्मर खरिद र जडान कार्य | ४५,०००।- | १,०००।- | १६,०७,१५४। भ्याट बाहेक | दरभाउपत्र |

**क्याम्पस प्रमुख**
**कृषि र पशु विज्ञान अध्ययन संस्थान**
**पक्लिहवा क्याम्पस भैरहवा**



**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# एनजी मार्केटमा तीज विशेष प्रतियोगिता




बुटवल । तिलोत्तमा नगरपालिका वडा नम्बर-५ मणिग्राममा रहेको एनजी मार्केट तीज गीत प्रतियोगिता गर्ने भएको छ । यहि भदौ १२ देखि १८ गतेसम्म एक हप्तासम्म प्रतियोगिता आयोजना गर्न लागेको हो ।

मार्केटका अध्यक्ष नारायण बञ्जाडेले प्रतियोगितामा उत्कृष्ट टोल विकास संस्थाले २५ हजार, द्वितीयले १५ हजार र तृतीयले १० हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिने बताए ।

मार्केटका म्यानेजर दिपक भट्टराईका अनुसार आमा समूह, महिला समूह, विद्यालय समेत प्रतियोगितामा सहभागी हुन पाउने छन् । प्रतियोगितामा विजेता भएका टिमलाई यहि भदौ २१ गते खुल्ला तीज गीतको अवसरमा पुरस्कार प्रदान गरिने छ । प्रतियोगिता गर्न ४ लाख रुपैयाँ खर्च लाग्ने अनुमान छ । प्रतियोगिताको अवधिभर मार्केटमा ५० हजार ग्राहकले अवलोकन गर्ने पनि मार्केटको अपेक्षा रहेको छ । मार्केटले रुपन्देहीभरीका विभिन्न टोल विकास संस्था र आमा समूहसँग सहकार्य पनि अघि बढाएको छ ।

गत वर्षदेखि सञ्चालनमा आएको मार्केटको लगानी मात्रै १ अर्ब रुपैयाँ रहेको छ । भारतीय बजार जाने नेपाली उपभोक्तालाई स्वदेशमै किनमेल गर्ने गरी मार्केट सञ्चालनमा ल्याइएको हो ।

# बाँझो जग्गामा ड्रयागन फ्रुट खेती



**प्रकाश डोटेल**

*स्याङ्जा*

स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले आफ्नो बाँझो जमिनमा ड्रयागन फ्रुट (सिउँडीफल) को खेती गर्न थालेको छ । आर्थिक वर्ष २०७६/०७७ देखि पालिकाले बाँझो जग्गामा थालेको नमुना ड्रयागन फ्रुटले उत्पादन समेत दिन थालेको छ ।

पालिकाका लागि ड्रयागन फ्रुट आम्दानीको स्रोत बन्दै गएको छ । पालिकाले परीक्षणका रूपमा वडा नं. ४ को बिर्घामा २४ रोपनी र वडा नं. ५ जैपतेमा एक रोपनी जमिनमा ड्रयागन खेती थालेको थियो । स्थानीय किसानलाई आयआर्जनमा जोड्ने उद्देश्यले पालिका आफैँले सुरु गरेको ड्रयागन खेतीले राम्रोसँग फल दिन थालेको पालिकाका अध्यक्ष खिमबहादुर थापाले बताए ।

काभ्रे र रौतहट जिल्लाबाट ड्रयागनका बिरुवा ल्याएर बाँझो जमिन १५ वर्षलाई भाडामा लिएर खेती विस्तार गरेको पालिका अध्यक्ष थापाले सुनाए । उनले ड्रयागन फ्रुटबाट राम्रो आम्दानी हुन थालेकोर बिक्रीका लागि बिरुवा पनि तयार हुन लागेको जानकारी दिए ।

पालिकाले गत वर्ष ड्रयागन फ्रुटबाट झण्डै एक लाख ५० हजारभन्दा बढी आम्दानी लिन सफल भएको थियो । चालु वर्षको पहिलो महिनामै दुई लाख ४६ हजार रुपैयाँको फल बेचिसकेको बताउँदै थापाले भने-"ड्रयागनको फल र बिरुवा बिक्री गरेर पालिकाले चालु वर्षमा पाँच लाखसम्म आम्दानी लिने अनुमान गरिएको छ ।

"ड्रयागन खेतीका लागि संघीय सरकार र पालिकाको गरेर ९० लाख लगानी रहेको छ । पालिकाका कृषि अधिकृत अनुप पौडेलले एक हजार ६ सय पिल्लरमा ४ हजार ८ सय वटा ड्रयागन फ्रुट रोपिएको बताए । पालिकाको अगुवाइमा ड्रयागन खेती थालेपछि स्थानीय किसानले समेत ड्रयागन खेती थालेको पौडेलले बताए ।

स्थानीय किसानलाई लक्षित गरेर खेती विस्तार कार्यक्रमअन्तर्गत ड्रयागन फ्रुटको बिरुवाका लागि ५० प्रतिशत र पिल्लर निर्माणमा शतप्रतिशत अनुदानको व्यवस्था गरिएको छ । अनुदानको व्यवस्था गरेपछि पालिकाभित्र करिब एक हजार रोपनी जग्गामा ड्रयागन खेती सुरु भएको छ ।

स्थानीयस्तरमा उत्पादित फल ग्रामीण बजारमै खपत भएको छ । निर्यातका तुलनामा ग्रामीण बजारलाई प्राथमिकता दिएर सस्तो दरमा फल बिक्री वितरण गरिँदै आएको छ । आउँदो वर्षदेखि स्याङ्जादेखि नजिकै रहेका पोखरा तथा बुटवल जस्ता ठूला बजारमा पालिकाकै नेतृत्वमा ड्रयागन फल निर्यात गर्ने लक्ष्य राखिएको पालिकाले जनाएको छ ।

# उद्योगलाई सस्तोमा विद्युत् देऊ : ढकाल



बुटवल । नेपाल उद्योग वाणिज्य महासंघले उद्योगलाई सस्तोमा विद्युत उपलब्ध गराउन सरकारसँग माग गरेको छ । नेपाल उद्योग व्यवसायी महासंघले शुक्रबार काठमाडौंमा आयोजना गरेको एक कार्यक्रममा बोल्दै महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले विद्युतलाई कब्जा पदार्थको रुपमा सस्तोमा उपलब्ध गराउन सरकारसँग माग गरेका हुन् । उनले साना तथा मझौला उद्योग सञ्चालनका लागि सहयोग आवश्यक रहेकाले त्यसमा पनि सरकारले विशेष ध्यान दिनुपर्ने बताए ।अध्यक्ष ढकालले स्टार्ट अप परियोजनालाई कर्जा प्रवाह परियोजनाको रुपमा अघि बढाउने प्रधानमन्त्री केपी शर्मा ओली भनाईले पनि मुलुकका आर्थिक गतिविधिलाई अघि बढाउन महत्वपूर्ण टेवा पुग्ने विश्वास व्यक्त गरे ।'बिजुलीलाई कब्जा पदार्थको रुपमा सस्तोमा उपलब्ध गराउनु पर्छ । ह्वील चार्ज तिरेर सिधै बिजुली किन्ने व्यवस्था गरिनु पर्दछ । बजेटका त्यसको केही कुरा आएपनि त्यो इम्पिलिमेन्ट हुन सकेको छैन ।

कच्चा पदार्थ र अन्तिम वस्तुको उत्पादन वैज्ञानिक बनाई यसमा सहुलियत दिनुपर्दछ भन्ने कुरा पनि म राख्न चाहन्छु', उनले भने, साना तथा मझौला उद्योग सुरु देखि नै संवेदनशील हुन्छ सरकार र अन्य सक्षम निकायको सहयोग चाहिन्छ । अस्तीको कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले भने अनुसार नै त्यो स्टार्ट अपलाई परियोजना कर्जाको रुपमा अघि बढाउनु पर्छ भन्नुभएको थियो । त्यसलाई प्रोजेक्ट फाईनान्सको रुपमा अगाडि बढाउनु पर्छ '

अध्यक्ष ढकालले कब्जा पदार्थ आयातमा अझै सहुलियतको व्यवस्था गर्न पनि सरकारको ध्यानाकर्षण गराए ।

# भैँसी बेचेर च्याउ खेती



बागलुङ । बागलुङ नगरपालिका-३ गहतेकी इशा क्षत्रीले व्यावसायिक तरकारी खेती थालेको चार वर्ष भयो । तीन रोपनीभन्दा बढी जग्गामा उनले चारवटा प्लास्टिक टनेल लगाएकी छिन् । दुईवटा भैँसी पाल्दै आएकी क्षत्रीले तरकारीमा नाफा देखेपछि एउटा भैँसी बेचेर तरकारी खेतीमा लगानी गरिन । उनी अहिले तरकारी खेतीबाट आत्मनिर्भर बनेकी छिन् । उनको तीन टनेलमा घिरौला, लौका, टमाटर, धनियाँ र तिते करेला छन् ।

तरकारी खेतीबाट हुने आम्दानीले एउटा छोरी र श्रीमानसहितको जीविका चलाएर केही रकम बचत गर्दै आएकी छिन् । उनले च्याउ खेती पनि गरेकी छिन् । च्याउ खेतीका लागि क्षत्रीले छुट्टै टनेलको व्यवस्था गरेकी छिन् । अन्य तरकारीबाट हुने आम्दानीको तुलनामा च्याउ खेतीबाट दोब्बर आम्दानी हुने क्षत्रीले सुनाइन । स्मृति कृषि तथा पशुपन्छी फार्म दर्ता गरेर तरकारी खेती गर्दै आएकी क्षत्रीले च्याउ खेतीमा जोड दिएकी छिन् ।

उनले च्याउखेती थप विस्तार गर्ने योजनामा रहेको बताइन । "परिवारको खर्च चलाउन चार वर्ष अघिदेखि साँढे तीन रोपनी जग्गामा मौसमी तथा बेमौसमी तरकारी उत्पादन गर्दै डोकोमा बोकेर बागलुङ बजार लगेर बिक्री गर्दै आएको थिएँ", क्षत्रीले भनिन्-"छ महिना अघि बागलुङ नगरपालिकाले प्रदान गरेको तीन दिने च्याउखेती तालिमले मलाई बल्ल राहत दियो ।" दुई सय किलो च्याउ बिक्री गरिसकेको र अझैं दुई सय ५० केजीदेखि तीन सय केजी च्याउ उत्पादन हुने आशामा रहेको उनले बताइन । च्याउ उत्पादन हुने बेलामा मासिक एक लाखसम्म आम्दानी हुने गरेको उनले जानकारी दिइन ।

बेनी नगरपालिका-२ बौरस्थित माइतीगाउँका महिला तरकारी खेतीबाट आयआर्जन गर्न सफल भएको देखेर व्यावसायिक तरकारी खेती थालेको क्षत्रीको भनाइ छ । जग्गा आफ्नै र बिक्रीसमेत आफले बजार पुगेर गर्दा बचत धेरै हुने गरेको छ । बिचौलियासमेत आवश्यक नपर्ने उनको अनुभव छ ।

# जिल्ला समन्वय समितिद्वारा विभिन्न निर्णय

**गौरीशंकर जयसवाल**

*परासी*




पश्चिम नवलपरासीमा जिल्ला समन्वय समितिको सातौ जिल्ला सभा सम्पन्न भएको छ । सभाले विभिन्न निर्णय तथा नीति तथा कार्यक्रम पारीत गरेको हो ।

सभाले जिल्लामा सञ्चालन भएका योजना तथा कार्यक्रमको अनुगमनलाई प्रभावकारी तरिकाले बढाउने गर्ने निर्णय गरेको छ भने साविक गण्डकी प्रदेशअन्तर्गत नवलपरासी पूर्वको विनय त्रिवेणी गाउँपालिकामा रहेको वडा नं. ६ र ७ लुम्बिनी प्रदेशको नवलपरासी पश्चिम ल्याउन पहल गर्ने निर्णय गरिएको जिल्ला समन्वय समिति नवलपरासी पश्चिमका प्रमुख भगौतीप्रसाद (रुदल)यादवले जानकारी दिए ।

उनको अनुसार सबै स्थानीय तहहरुले नदीजन्य पदार्थको कार्तिक मसान्तसम्म वातावरणीय परीक्षण गरी त्यसको रिपोर्ट तथा जिल्ला समन्वय समितिलाई पेश गर्ने र रामग्राम नगरपालिकाअन्तर्गत भएर बग्ने खोलाहरुबाट नदीजन्य पदार्थ आवश्यक प्रक्रिया पुऱ्याइ निकासी गर्ने सभाले निर्णय गरेको छ ।

लामो समयसम्म निर्माणधिन रहेको हुलाकी मार्ग निर्माण समयमा सम्पन्न नभएको हुँदा जनतालाई सास्ती खेप्नु परेकोले हुलाकी राजमार्ग आयोजना कार्यालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा तत्काल लेखी पठाउन र जिल्लाभित्र रहेका धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको खोज तलास तथा प्रचारप्रसार गरी सबै विद्यालय तथा धार्मिक क्षेत्रलाई प्लाष्टिक मुक्त क्षेत्र बनाउने सभाले सर्वसम्मत पारित गरेको प्रमुख यादवले जानकारी दिए ।

जिल्लामा रहेका बुद्धसँग जोडिएका पर्यकीय क्षेत्रलाई जोड्ने गरी बुद्ध सर्किट निर्माण गर्ने सभाले सर्वसम्मत पारित गरेको यादवले बताए ।

जिल्ला समन्वय समितिले ठेक्का आह्वान भइ निर्माण कार्य भैरहेको सो प्राशानिक भवन निर्माण अन्तिम चरणमा रहेको र रकम अभावका कारण निर्माण रोकिने हुँदा जिल्लाभित्र रहेका प्रत्येक नगरपालिकामा रु सात लाख र गाउँपालिका पाँच लाख रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरिएको जिल्ला समन्वय समितिका अधिकारी ज्ञानुप्रसाद पनेरुले जानकारी दिए । सभामा जिल्ला समन्वय समितिका प्रमुख यादवले आर्थिक वर्ष २०८१/०८२ को नीति तथा आगामी कार्यक्रमक प्रस्तुत गरेका थिए । सभामा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र नगरपालिकाका नगरप्रमुख, उप-प्रमुखहरुले आ-आफ्नो धारणा राखेका थिए ।

सभामा जिल्लाका सातै स्थानीय तहका प्रमुख, उप-प्रमुखको उपस्थिति रहेको जिल्ला समन्वय समिति नवलपरासीले जनाएको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालको पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हसिपटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रुपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र




"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com